// स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ११, मिति २०८१ चैत्र २७ गते

## भाग-२

## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१

**प्रस्तावनाः** बौदीकाली गाउँपालिका क्षेत्रभित्र रहेका सामुदयिक विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरु प्रसुती हुदाँका बखत प्रसुती हुनु अघि वा पछि दिइने ९८ दिनको विदाका समयमा प्रसुती हुने महिला शिक्षकको सट्टामा राखिने सट्टा शिक्षक व्यवस्थापनका लागि गाउँ कार्यपालिकाले बौदीकाली गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ निर्माण गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बौदीकाली गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१" हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "सट्टा शिक्षक" भन्नाले बौदीकाली गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका महिला शिक्षक प्रसुती हुँदा दिने ९८ दिनको प्रसुती विदामा राखिने शिक्षकलाई सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः**

(१) विद्यालयको पठनपाठनलाई निरन्तरता दिने।

(२) महिलामैत्री सहयोगात्मक अवस्था सिर्जना गर्ने।

## परिच्छेद-२

## सट्टा शिक्षक व्यवस्थापन विधि

४. **प्रसुती विदा स्वीकृत गर्ने सम्बन्धमाः**

(१) बौदीकाली गाउँपालिकाको सामुदायिक विद्यालयमा कार्यरत रहि प्रसुती विदा लिन चाहने महिला शिक्षक तथा कर्मचारीहरुले प्रसुती हुनु अगावै वा प्रसुती अवस्थामा विद्यालय व्यवस्थापन समितिमा निवेदन दिनु पर्ने छ ।

(२) सो निवेदनका आधारमा विद्यालय व्यवस्थापन समितिले विदा स्वीकृत गर्न सक्नेछ।

५. **सट्टा शिक्षक अनुमति सम्बन्धमाः**

(१) विदा स्वीकृत गरेको जानकारीका साथामा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा शाखामा शिक्षक व्यवस्थापनको लागि विद्यालयले अनुमित माग गर्नुपर्नेछ।

(२) शिक्षा शाखाले आवश्यक कागजात हेरी सट्टा शिक्षक व्यवस्थापनको लागि अनुमति प्रदान गर्नेछ ।

**६. छनोट प्रक्रियाः**

(१) विद्यालयले सम्बन्धित तहको लागि न्युनतम शैक्षिक योग्यता भएको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सट्टा शिक्षकको रुपमा नियुक्त गर्न सक्नेछ। तर १ भन्दा धेरै उम्मेदवार भएको खण्डमा माथिल्लो शैक्षिक योग्यता भएको र शिक्षण अनुभव भएको उम्मेदवारलाई प्राथमिकतामा राखि नियुक्ति दिनुपर्नेछ ।

**७. समय अवधिः** सट्टा शिक्षकको कार्य अवधि ९८ दिन हुनेछ ।

**८. पारिश्रमिकः** सट्टा शिक्षकको रुमा नियुक्ति लिई काम गर्ने शिक्षकले सम्बन्धित तहको शिक्षकले पाउने सुरु तलब स्केल बराबरको तलब काम गरेको दिनको हिसाबले पाउनेछ

**९. कार्यविधि संसोधन तथा परिमार्जन सम्बन्धमाः** बौदीकाली गाउँपालिको कार्यपालिकाले यस कार्यविधि आवश्यक परेमा परिमार्जन तथा संसोधन गर्नेछ।

**१०. खारेजी तथा बचाउः** यस कार्यविधि नेपाल सरकार तथा बौदीकाली गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७४ सँग बाझिन गएमा बाझिएको हदसम्म खारेज हुनेछ।

प्रमाणीकरण मिति : २०८१/१२/२७

आज्ञाले
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका